# निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, भगवतीबहाल, नक्साल, काठमाण्डौ
फोन नं: ९७७-१-४५१३७९४, ४५१३८४०, फ्याक्स: ९७७-१-४५१३८५६,
Email: info@nirdhan.com.np

## नगद लाभांश भुक्तानी नलिनु भएका शेयरधनी महानुभावहरुलाई भुक्तानी लिन आउने सम्बन्धी सूचना

**(प्रकाशित मिति २०७९।०४।३१)**

यस वित्तीय संस्थाको वार्षिक साधारण सभाबाट पारित भएको आ.व. २०६१।६२, २०६२।६३, २०६३।६४, २०६५।६६, २०६६।६७, २०६८।६९, २०६९।७०, २०७०।७१, २०७१।७२ सम्मको (पाँच वर्षभन्दा पुरानो) नगद लाभांश कतिपय शेयरधनी महानुभावहरुद्धारा हालसम्म पनि बुझिलिन बाँकी रहेकाले उक्त नगद लाभांश रकम भुक्तानी नलिनु भएका शेयरधनीहरुलाई यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो शेयर प्रमाण पत्रका साथ आफ्नो कुनै परिचयपत्र लिई वा उल्लेखित आ.व.मा शेयरधनी रहनुभएको तर हाल आफ्नो शेयर बिक्रि गरिसकेका तत्कालिन शेयरधनीहरुले आवश्यक कागजातको प्रतिलिपी सहित यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड लाजिम्पाट, (फोन नं. ०१–४४२५२८०) काठमाण्डौंमा कारोबार समयमा सम्पर्क राखी लाभांश पूर्जा बुझिलिनु हुन कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (९) र (१०) तथा नेपाल राष्ट्र बैंकबाट “घ” वर्गका ईजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७८ को निर्देशन नं. १५ को बुंदा नं. १५ को २(३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ। अन्यथा उक्त अवधि पश्चात उल्लेखित रकम कम्पनी ऐन, २०६३ को दफा १८३ बमोजिम स्थापना भएको “लगानीकर्ता संरक्षण कोष” मा जम्मा हुने व्यहोरा समेत जानकारी गराउँदछौं। साथै, शेयरधनीहरुले आ.व. २०६१।६२ देखि आ.व. २०७५।७६ सम्मको बुझिलिन बाँकी रहेको नगद लाभांश रकमहरु देहाय बमोजिम रहेको छ। उल्लेखित शेयरधनीहरुले बुझिलिन बाँकी रहेको नगद लाभांशको विस्तृत विवरण यस वित्तीय संस्थाको वेभसाईट www.nirdhan.com.np मा पनि प्रकाशित गरिएको छ।

| आर्थिक वर्ष | रकम |
|---|---|
| २०६१/६२ | ७,४६७।०० |
| २०६२/६३ | ८,७१०।०० |
| २०६३/६४ | २५,९५२।३२ |
| २०६५/६६ | ६१,५५९।१६ |
| २०६६/६७ | ९०,७१८।०९ |
| २०६८/६९ | १७९,८५४।९१ |
| २०६९/७० | २३४,६०२।५१ |
| २०७०/७१ | ३२९,३२१।३२ |
| २०७१/७२ | ९३२,९७८।१५ |
| २०७२/७३ | २,८५७,३४४।३० |
| २०७३/७४ | १,४५६,९७१।७८ |
| २०७४/७५ | ४,७८४,१४५।१४ |
| २०७५/७६ | ३,७४५,८५६।६२ |